# SAMPLE QUESTION PAPER (2026-2027)

## Code: 024

## Subject: Nepali

## कक्षा - X

Time Allowed-3Hrs Full marks-80

➢ **General Instructions:**

✓ Read the questions carefully before writing the answer.

✓ Ther are two parts in this question, Part 1 and Part 2.

✓ MCQs are given in Part 1.

✓ Descriptive questions are given in Part 2.

| **खण्ड 1**<br>**बहुवैकल्पिक प्रश्नहरू** | | |
|---|---|---|
| **1.** | **निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस्।** | **5x1=5** |
| | विद्यार्थी जीवन मनुष्य जीवनको सबैभन्दा उत्तम आनन्दमय र महत्त्वपूर्ण अवस्था हो। यो जीवन कतिपय कारणहरूले गर्दा ईर्ष्या गर्न लायकको जीवन मानिन्छ। प्रौढ़को दृष्टिले हेर्दा विद्यार्थी जीवन व्यावहारिक जीवनका समस्याहरूबाट मुक्त स्वतन्त्र जीवन हो। यसरी विद्यार्थी जीवनमा व्यावहारिक उत्तरदायित्व र जिम्मेवारी नभएको हुनाले नै मानिसहरू "विद्यार्थी जीवन सुनौलो जीवन हो" भन्ने गर्दछन्। यो जीवन मनुष्यको महत्वपूर्ण अंश हो। यही जीवनमै भावी जीवनको आधारको निर्माण गरिन्छ। विद्यार्थी जीवनमा निर्माण गरेको आधार दह्रिलो भए भावी जीवन सुखमय बन्न सक्छ। विद्यार्थी जीवनमा नै विद्यार्थीहरूले नौला-नौला आदतहरू सिक्छन्। यी आदत वा व्यवहारहरू कोही राम्रा हुन्छन् भने कोही निम्न पनि हुन्छन्। असल आदत अप्नाउनेहरू उन्नतिको मार्गमा अग्रसर भएर जीवन सपार्छन् अनि निम्न आदत अप्नाउनेहरू कुबाटोतर्फ लागेर जीवन बरबाद गर्दछन्। उहिलेका विद्यार्थीहरूको जीवन कठोर हुन्थ्यो। उनीहरू गुरुकुलमा प्रवेश गरेर गुरुको आज्ञा पालन गरेर गुरुको सेवा गर्दै शिक्षा आर्जन गर्नु पर्थ्यो। त्यसबेला गुरुहरूले आफ्ना विद्यार्थीहरूको शिक्षा साथ साथै चरित्र निर्माणमा खुबै ध्यान दिने गर्थे। प्राचीन संस्कृत भनाइअनुसार विद्यार्थीको मुख्य कर्तव्य विद्या अध्ययन हो। | |

| | | |
|---|---|---|
| | तर आधुनिक व्यस्त जमाना अनुसार विद्यार्थीले विद्या अध्ययन सँगसँगै अन्य व्यावहारिक शिक्षा पनि प्राप्त गर्नुपर्छ। विद्या अध्ययन र व्यवहारिक ज्ञानलाई आत्मसात् गर्दै अघि बढ्ने विद्यार्थीले मात्र सफलतापूर्वक जीवन निर्वाह गर्न सक्छ। विद्यार्थीले विद्या अध्ययन गर्ने क्रममा कहिले पनि आलस्य प्रकट गर्नु हुँदैन। विद्यार्थी जीवन परिश्रम लगन र मेहेनतको जीवन हो। जसले यो जीवनको महानता बुझेर अल्छी नमानी परिश्रम गर्छ, उसले भावी व्यावहारिक जीवनमा हीरा बन्ने सुयोग प्राप्त गर्छ अनि विद्यार्थी जीवनलाई आनन्द र चैनको जीवन सम्झेर मोज मस्ती गर्नेहरूले पछि गएर धेरै पछुताउनु पर्दछ। विद्यार्थी जीवनमा जस्तो बीज छरिन्छ, उस्तै फल व्यावहारिक जीवनमा पाइन्छ। | |
| i. | **विद्यार्थी जीवनलाई किन सुनौलो जीवन मानिएको हो ?**<br>A. पढ़ाइ नहुनाले।<br>B. आयस्रोत नहुनाले<br>C. व्यावहारिक उत्तरदायित्वहरू नहुनाले<br>D. साथीहरू नहुनाले | |
| ii. | **उहिले विद्यार्थीले कहाँ विद्या आर्जन गर्थे ?**<br>A. विद्यालयमा<br>B. जंगलमा<br>C. गुरुकुलमा<br>D. राजदरवारमा | |
| iii. | **प्राचीन संस्कृत भनाइ अनुसार विद्यार्थीको प्रमुख कर्तव्य के हो ?**<br>A. चरित्र विकास<br>B. विद्या अध्ययन<br>C. गुरुको सम्मान<br>D. खेती किसान | |
| iv. | **विद्यार्थी जीवनमा केको निर्माण हुन्छ ?**<br>A. भावी जीवनको आधार<br>B. जिम्मेवारी विहीन लक्ष्य | |

| | | |
|---|---|---|
| | C. उत्तिरदायित्वहीनता<br>D. नराम्रा गुणहरू | |
| **v.** | **आधुनिक समय अनुसार विद्यार्थीले जीवन सफल बनाउन कुन-कुन कुरामा ध्यान दिनुपर्छ ?**<br>A. केवल विद्या अध्ययन<br>B. गुरुजनको सेवा र सम्मान<br>C. विद्या अध्ययन साथै व्यावहारिक ज्ञान<br>D. निम्न आदतहरूको विकास | |
| **2.** | **निम्नलिखित कवितांश पढ़ेर सोधिएका प्रश्नका सही विकल्प लेख्नुहोस् ।** | **5x1=5** |
| | तिम्रो लोग्ने मलाया गयो या कतै गयो<br>पक्का पनि सिपाहीमा भर्ना भयो<br>कति लडाइँ लड्दै<br>छोरा छोरी हँसाउन, साहूको ऋण तिर्न<br>पैसा कमाउन गयो<br>तर लडाइँमा बन्दुक अनि<br>तोपका मोहरी नभए<br>भयङ्कर विस्फोटमा पऱ्यो<br>तिम्रो लोग्ने अब छैन, मऱ्यो ।<br>होला मजदुरी गर्न गयो<br>नत्र कहाँ जान्छ,<br>फर्किनु पर्ने, कि कुनै मेशिनभित्र चेप्टियो<br>नभए कोइलाखानीमा पुरियो<br>भारीले किच्यो या भोकै मऱ्यो<br>जसरी भए पनि तिम्रो लोग्ने मऱ्यो मऱ्यो ।<br>जातीयता मऱ्यो, स्वाभिमानसमेत मऱ्यो ।<br>मालिकको गाड़ीको चक्काले थिचेर<br>उसलाई पैह्रोले किच्न सक्छ<br>खोलाले बगाउन सक्छ | |

| | | |
|---|---|---|
| | अन्धो, लङ्गड़ो र डुँड़े हुँदा<br>उ मारिनुपर्छ, काम प्यारो सबैलाई<br>नत्र दाम आउँदैन<br>भाग्यले ठगेपछि बाँच्ने अधिकार हुँदैन।<br>जसरी भएपनि ज्यूँदो छैन<br>उसलाई कालले हर्यो<br>तिम्रो लोग्ने अब छैन, मर्‍यो। | |
| **i.** | **यस कवितामा लोग्ने कहाँ गएर सिपाहीमा भर्ना भयो भनिएको छ ?**<br>A. कोइलाखानीमा<br>B. जंगलमा<br>C. मलायामा<br>D. आफ्नै देशमा | |
| **ii.** | **उसको लोग्ने कहाँ चेप्टिएको शंका गरिएको छ ?**<br>A. ढुंगामा<br>B. खाड़लमा<br>C. मेशिनमा<br>D. फौजीमा | |
| **iii.** | **उसको लोग्ने कोइलाखानीभित्र के भएको हुन सक्ला ?**<br>A. जीवित हुन सक्ला<br>B. पुरिएको हुन सक्ला<br>C. पैसा कमाउँदै होला<br>D. साहुको ऋण तिर्दै होला | |
| **iv.** | **यस कविताको आधारमा सबैलाई के कुरा प्यारो छ ?**<br>A. जातीयता<br>B. स्वाभिमान<br>C. धैर्यवान<br>D. काम | |

| | | |
|---|---|---|
| **v.** | **यस कवितामा कसलाई मार्ने कुरा भइरहेको छ ?**<br><br>A. किरा मार्ने<br>B. लोग्ने मार्ने<br>C. स्वभिमान मार्ने<br>D. देश मार्ने | |
| 3. | **निम्नलिखित बहुवैकल्पिक प्रश्नका सही विकल्प लेख्नुहोस्।** | 10x1=10 |
| **i.** | 'आदि' को सही अर्थ के हो ?<br>A. आधा<br>B. बीच<br>C. शुरु<br>D. तुफान | |
| **ii.** | सरोज, पंकज आदि ............................ का पर्यायवाची शब्द हुन्।<br><br>A. बादल<br>B. मानिस<br>C. चन्दन<br>D. कमल | |
| **iii.** | **तृतीया विभक्तिको चिन्ह ..................... हो ।**<br>A. ले, बाट<br>B. लाई, देखि<br>C. देखि, बाट<br>D. को, का | |
| **iv.** | **तल दिएएका शब्द र अर्थमध्ये कुन सही छैन ?**<br>A. साँचो - सत्य<br>B. शत् - सय<br>C. कर्म - काम<br>D. शव – सबै | |
| **v.** | **समस्त पद्लाई अलग गर्नुलाई के भनिन्छ?**<br><br>A. कारक | |

| | | |
|---|---|---|
| | B. विभक्ति<br>C. विग्रह<br>D. विच्छेद | |
| **vi.** | **उत्तरपद प्रधान हुने समास कुन हो ?**<br><br>A. तत्पुरुष समास<br>B. द्वन्द्व समास<br>C. द्विगु समास<br>D. कर्मधारय समास | |
| **vii.** | **उस<u>की</u> बहिनी बजार गई। रेखांकित पद कुन कारकमा पर्दछ ?**<br><br>A. कर्ता कारक<br>B. कर्म कारक<br>C. अपादान कारक<br>D. सम्बन्ध कारक | |
| **viii.** | **समासबाट बानिएको शब्दलाई के भनिन्छ ?**<br><br>A. समस्त पद<br>B. क्रियापद<br>C. विविध शब्द<br>D. समोच्चरित | |
| **ix.** | **जुन समासमा सामासिक शब्दले सोझो अर्थ नबुझाएर भिन्न अर्थ बोध गराउँछ त्यसलाई .......... भनिन्छ ?**<br><br>A. कर्मधारय समास<br>B. अव्ययीभाव समास<br>C. बहुव्रीहि समास<br>D. द्वन्द्व समास | |
| **x.** | **जसलाई जित्न सकिन्नको सार शब्द के हुन्छ ?**<br><br>A. अमर<br>B. अजेय<br>C. अदृश्य<br>D. आजम्बरी | |

| | | |
|---|---|---|
| | **खण्ड 2**<br>**वर्णनात्मक प्रश्न** | |
| **4.** | **निम्न प्रश्नका उत्तर लेख्नुहोस्।** | 3x2=6 |
| **i** | वाक्य संकोचनमा लेखिएका निम्नलिखित वाक्यहरूलाई प्रसारणमा रूपान्तरण गर्नुहोस् –<br>a. पाठ नसुनाउनेले सजाय पाउँछ।<br>b. उनी अनपढ़ छन्। | |
| **ii** | **वाक्यमा उद्देश्य र विधेय भन्नाले के बुझिन्छ ?** | |
| **iii** | दिइएका कुनै एक वाग्धाराको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस्।<br>a. एकै आँखाले हेर्नु<br>b. भीरको चिण्डो हुनु | |
| **5.** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| **i.** | मन 'एकाङ्कीद्वारा एकाङ्कीकारले कस्तो सन्देश दिन चाहेका छन् ? | 2 |
| **ii.** | फरेस किन उदास देखिन्थ्यो ? | 2 |
| **iii.** | संसारमा दानवताको, अन्त गर्न हामीले के गर्न आवश्यक छ ? | 2 |
| **iv.** | डाक्टर नानो लेखद्वारा लेखकहरूले के सन्देश दिन चाहेका छन् ?<br>**अथवा**<br>**"दर्कन दर्कन लागेको बादल झैं चामे धुमधुमती बसेर तमाखु खान लागेको थियो.........।"** | 2 |
| **v.** | कालेकी आमाले दूध पुऱ्याउन बजार जाँदै गर्दा कस्तो निर्णय गरेर ढुक्क मानी ? | 3 |
| **vi.** | डाक्टर नानोको प्रयोगशालामा के कस्ता कार्यहरू हुन्छन् ? | 3 |
| **6.** | **निम्नकुनै चार प्रश्नका उत्तर लेख्नुहोस्।** | 4x3=12 |
| **i.** | 'सत्य सन्देश' कविताद्वारा कविले कस्तो सन्देश दिन चाहेका छन् ? | |
| **ii.** | शहीदहरूको त्याग र बलिदानका कारण हाम्रो के-के हुन्छ ? कविताका आधारमा चर्चा गर्नुहोस्। | |
| **iii.** | "हाम्रो लागि घरको दूध पानीसरि छ।" भन्नुको तात्पर्य के हो ? आकाशका तारा के तारा कविताका आधारमा लेख्नुहोस्। | |

| | | |
|---|---|---|
| iv. | "तँ गर्छस् टुप्पो न फेदको कुरा<br><br>जीवनको कुरा<br>मानवताको कुरा<br>के हो जीवन भनेको ? प्लिज डोन्ट बोर मी।"<br>यस पद्याशद्वारा कविले के भन्न चाहेका छन् ? | |
| v. | यात्री कविताको अन्तमा कविले हामीलाई के-कस्ता कार्यहरू गरेर ईश्वरलाई प्रसन्न बनाउने सन्देश दिएका छन् ? | |
| 7. | **निम्न प्रश्नका उत्तर लेख्नुहोस्।** | |
| i. | श्यामले के गरेको हुनाले सोनामणि पुलबाट फाल हान्न बाध्य बनी ? | 2 |
| ii. | आफूले गरेको गल्तीको प्रायश्चित गर्न मोतीले के गर्न खोजी?<br><br>**अथवा**<br>बरमानले जुनीको प्राण कसरी बचायो ? | 2 |
| iii. | दार्जीलिङमा बस्ता कमललाई आफूले के भूल गरेजस्तो लागिरहन्थ्यो ? | 3 |
| iv. | रने दिउसो कोसित झगड़ा परेको थियो ? रीसको झोंकमा उसले के-के भनेको थियो ? | 3 |
| 8. | **निम्नलिखित प्रश्नमध्ये कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस्।** | 2x2=4 |
| i. | कवि राजेन्द्र भण्डारीका कुनै दुइवटा रचना कृतिका नाउँ लेख्नुहोस् । | |
| ii. | इन्द्रबहादुर राईको आधुनिक लेखनलाई के नाम दिइएको छ ? | |
| iii. | लक्खीदेवी सुन्दासले प्राप्त गरेका कुनै दुईवटा पुरस्कारका नाउँ लेख्नुहोस्। | |
| 9. | **तल दिइएका कुनै एउटा विषयमा 150 शब्दसम्मको चाखलाग्दो निबन्ध लेख्नुहोस्।**<br>• पुस्तकालयको उपयोगिता।<br>• रक्तदान महादान। | 5 |
| 10. | आफ्नो विद्यालयमा खेल मैदानको अति आवश्यक परेको हुँदा चाँड़ोभन्दा चाँड़ो एउटा खेल मैदानको निर्माण गरिदिनु भन्ने निवेदन गर्दै खेलकूद विभागका माननीय मन्त्रीलाई एउटा निवेदन पत्र लेख्नुहोस्।<br>अथवा | 5 |

| | | |
|---|---|---|
| | परीक्षा सकिएपछि एक महिनासम्म विदेश घुम्न जाने कुराको जानकारी दिँदै साथीलाई एउटा पत्र लेख्नुहोस् । | |
| **11.**<br>**i.**<br>**ii.**<br>**iii.**<br>**iv.** | **नेपालीमा अनुवाद गर्नुहोस् ।**<br>Truth wins in the long run.<br>They are enjoying their vacation in Mumbai.<br>I have not done my work.<br>We were not invited in the programme. | 4 |